**आकाशवाणी समाचार- नेपाली**

मितिः ०७ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- सक्रिय सुशासन र योजनाहरूको समयबद्ध कार्यान्वयनका लागि प्रधानमन्त्रीको प्रमुख तन्त्र प्रगतिले आफ्नो ५०औँ बैठकका साथ महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ।

- सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले स्वास्थ्य सेवा, शिक्षा, कृषि, उत्पादन, शासन र पूर्वाधार जस्ता क्षेत्रहरूमा कृत्रिम बुद्धिमत्ता (एआई) एक परिवर्तनकारी शक्तिको रूपमा उदाइरहेको बताउनु भएको छ।

- विदेश मन्त्री डा. एस जयशंकरले भारत र लक्जेम्बर्ग सम्बन्धले उल्लेखनीय प्रगति हासिल गरेको बताउनु भएको छ I

- वाणिज्य एवम् उद्योग मन्त्री पीयूष गोयलले विकसित भारतको निर्माण गर्न र देशको दीर्घकालीन सामाजिक र आर्थिक भविष्य सुरक्षित गर्न कुपोषणको उन्मूलन आवश्यक रहेको बताउनु भएको छ।

- **भारत ऊर्जा सप्ताहको आयोजन २७ जनवरी देखि गोवामा हुनेछ ।**

**सक्रिय सुशासन - प्रधानमंत्री -प्रमुख तंत्र प्रगति**

सक्रिय सुशासन र योजनाहरूको समयबद्ध कार्यान्वयनका लागि प्रधानमन्त्रीको प्रमुख तन्त्र प्रगतिले आफ्नो ५०औँ बैठकका साथ महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। यो प्रणाली प्रधानमन्त्रीले बर्ष २०१५ मा शुभारंभ गर्नुभएको थियो I जसका कारण बुनियादी ढांचागत परियोजनाहरूको समयमै निगरानी र प्रधानमन्त्रीको प्रत्यक्ष समीक्षाका कारण समस्या समाधान हुन सकेको छ। प्रगतिले केन्द्र, राज्य र केन्द्रीय मन्त्रालयहरूलाई एउटै डिजिटल मंचमा ल्याएर सहकारी संघवाद को शक्तिशाली उदाहरण प्रस्तुत गरेको छ। प्रगतिले निर्णय लिने प्रक्रिया , परियोजनामा ढिलाइका कारणहरू सम्बोधन गर्न र जवाफदेहिता सुनिश्चित गर्न मद्दत गरेको छ। यो निगरानी मात्र होइन, प्रशासनिक सुधारको माध्यम पनि सावित भएको छ।

**1byte-pragati**

**इलेक्ट्रॉनिकी और सूचना प्रौद्योगिकी मंत्री - सेमीकंडक्टर**

इलेक्ट्रोनिक्स तथा सूचना प्रौद्योगिकी मन्त्री अश्विनी वैष्णवले सेमिकन्डक्टर र यससँग सम्बन्धित तकनिक विकास र उत्पादन गर्ने अग्रणी अमेरिकी कम्पनी मार्भल टेक्नोलोजिले भारतमा दुई नानोमिटर चिप्स डिजाइन गरेर आफ्नो उपस्थिति विस्तार गरिरहेको बताउनु भएको छ । एक सामाजिक मिडिया पोस्टमा, श्री वैष्णवले भन्नुभएको छ - मार्वल टेक्नोलोजीले भारतीय चिप डिजाइनिंग स्टार्टअप र विश्वविद्यालयहरूसँग साझेदारी गरिरहेको छ। मार्वेल टेक्नोलोजी इंक - डाटा पूर्वाधार, कृत्रिम बुद्धिमत्ता, क्लाउड, डाटा सेन्टर, इन्टरप्राइज नेटवर्किङ र मोटर वाहन क्षेत्रहरूको लागि चिप्स डिजाइन गर्दछ।

**सूचना तथा प्रसारण मन्त्री -2**

सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले स्वास्थ्य सेवा, शिक्षा, कृषि, उत्पादन, शासन र पूर्वाधार जस्ता क्षेत्रहरूमा कृत्रिम बुद्धिमत्ता (एआई) एक परिवर्तनकारी शक्तिको रूपमा उदाइरहेको बताउनु भएको छ। श्री वैष्णवले जयपुरमा आयोजित एआई सम्मेलनलाई भर्चुअल रूपमा सम्बोधन गर्दै यो भनाइ राख्नु भएको हो।

2-byte-Ashwini baisnaw

**विदेश मंत्री डॉ. एस. जयशंकर - लक्ज़मबर्ग**

विदेश मन्त्री डा. एस जयशंकरले भन्नुभएको छ - भारत र लक्जेम्बर्ग सम्बन्धले उल्लेखनीय प्रगति हासिल गरेको छ र भारतले उनीहरूलाई महत्त्वपूर्ण साझेदार राष्ट्रहरूको रूपमा सम्मान गर्दछ। लग्जेम्बर्गका विदेशमन्त्री जेभियर बेट्टेलसँगको भेटमा डा. जयशंकरले भारत र युरोपीय सङ्घबीचको सम्बन्धलाई प्रगाढ बनाउन लक्जेम्बर्गको सहयोगका लागि आभार व्यक्त गर्नुभएको छ I

3-Byte एस. जयशंकर

## वाणिज्य और उद्योग मंत्री पीयूष गोयल -सीएसआर

**वाणिज्य एवम् उद्योग मन्त्री पीयूष गोयलले विकसित भारतको निर्माण गर्न र देशको दीर्घकालीन सामाजिक र आर्थिक भविष्य सुरक्षित गर्न कुपोषणको उन्मूलन आवश्यक रहेको बताउनु भएको छ। नयाँ दिल्लीमा हिज आयोजित एक सम्मेलनमा बोल्नुहुदै श्री गोयलले भन्नुभयो, कुपोषण एक जटिल चुनौती हो र यसलाई समन्वित कार्यको आवश्यकता छ। उहाँले अझ भन्नुभयो - कर्पोरेट सामाजिक जिम्मेवारी सी.एस.आर ले व्यवसायलाई सामाजिक प्रभावसँग जोड्ने अवसर प्रदान गर्दछ। उहाँले कुपोषण विरुद्धको लडाइँलाई सरकार, निगम, समुदाय र व्यक्तिहरूको संलग्नतामा सामूहिक राष्ट्रिय दायित्वका रूपमा अघि बढाउनुपर्ने बताउनु भएको छ । श्री गोयलले कुपोषणलाई सम्बोधन गर्न महिला एवम् बाल विकास मन्त्रालयको केन्द्रीय भूमिकामाथि जोड दिनुभएको छ ।**

4-Byte पीयूष गोयल

## केंद्रीय शिक्षा मंत्री धर्मेंद्र प्रधान

**शिक्षामन्त्री धर्मेन्द्र प्रधानले हिज पाँच शास्त्रीय भाषाहरूको प्रतिनिधित्व गर्ने ५५ दुर्लभ र मूल्यवान साहित्यिक कृतिहरूको विमोचन गर्नुभयो। यी हुन् तमिल, तेलुगु, मलयालम, कन्नड र ओडिया। ती पुस्तकहरू केन्द्रीय भाषा संस्थाहरूबाट प्रकाशित भएका हुन्। नयाँ दिल्लीमा पत्रकारहरूसँग बातचीत गर्नुहुदै श्री प्रधानले भारतका भाषाहरूले राष्ट्रको समाजलाई जोड्छन् र एकताबद्ध गर्ने बताउनुभयो । उहाँले अझ भन्नुभयो, प्रधानमन्त्री श्री नरेन्द्र मोदीले जोड दिनुभएको छ कि सबै भारतीय भाषाहरू राष्ट्रिय भाषाहरू हुन्।**

## आर्थिक मामिला विभाग -पीपीपी परियोजना पाइपलाइन

आर्थिक मामिला विभागले केन्द्रीय बजेट 2025-26 मा गरिएको घोषणाको कार्यान्वयनलाई ध्यानमा राख्दै तीन वर्षको सार्वजनिक निजी साझेदारी (पीपीपी) परियोजना पाइपलाइन सिर्जना गरेको छ। वित्त मन्त्रालयले भनेको छ, परियोजना पाइपलाइनमा केन्द्रीय बुनियादी ढाचा विकास मन्त्रालयहरू, राज्यहरू र केन्द्र शासित प्रदेशहरूमा 852 परियोजनाहरू समावेश छन् जसको कुल परियोजना लागत 17 लाख करोड रूपियाँभन्दा अधिक छ। मन्त्रालयले अझ भनेको छ - पाइपलाइनले निवेशकर्ताहरू, विकासकर्ताहरू र अन्य हिताधाकहरूलाई अधिक सूचित योजना र निवेश निर्णयहरू गर्न सक्षम बनाउन सम्भावित पीपीपी परियोजनाहरूको प्रारम्भिक दृश्यता प्रदान गर्दछ।

## भारतीय रेलवे - विद्युतीकृत रेल

भारतीय रेलवे विश्वको सबैभन्दा व्यापक विद्युतीकृत रेल प्रणालीहरू मध्ये एक भएको छ। भारतको ७० हजार किलोमिटर लामो ब्रोडगेज नेटवर्कको लगभग सबै विद्युतीय प्रणालीबाट चल्न थालेका छन् । गत वर्ष नोभेम्बरसम्म, यसको सम्पूर्ण नेटवर्कको ९९ प्रतिशतभन्दा अधिक पहिले नै विद्युतीकरण गरिएको थियो, जुन एक प्रमुख उपलब्धि हो।

## भारतीय पुरातत्व सर्वेक्षण - ओपन नेटवर्क

भारतीय पुरातत्व सर्वेक्षण (एएसआई) ले ओपन नेटवर्क फर डिजिटल कमर्स (ओएनडीसी) मा १७० भन्दा अधिक केन्द्रीय संरक्षित स्मारक र संग्रहालयहरूको लागि अनलाइन टिकट बुकिङ सक्षम गरेको छ। भारतीय टिकट प्राधिकरणको टिकटिङ प्रणालीलाई खुला डिजिटल नेटवर्कमा एकीकृत गरी नागरिक र पर्यटकहरुले विभिन्न एप्लिकेसन मार्फत टिकट बुकिङ गर्न सक्ने संस्कृति मन्त्रालयले जनाएको छ ।

**भारत ऊर्जा सप्ताह - 27 जनवरी- गोवा**

भारत ऊर्जा सप्ताहको आयोजन २७ जनवरी देखि गोवामा हुनेछ । चार दिवशीय कार्यक्रमले सुरक्षित, टिकाउ र किफायती ऊर्जा भविष्यलाई बढावा दिन सरकारी अधिकारीहरू, उद्योगका नेताहरू र नवप्रवर्तकहरूलाई एकै मंचमा ल्याउनेछ। पेट्रोलियम र प्राकृतिक ग्यास मन्त्रालयले भनेको छ - यो कार्यक्रम ऊर्जा सुरक्षालाई सुदृढ गर्न, निवेश प्रवर्द्धन गर्न र कार्बन उत्सर्जन घटाउन व्यावहारिक र व्यापक उपायहरू विकास गर्न केन्द्रित हुनेछ। सम्मेलनमा अमेरिका, युरोप, मध्यपूर्व, अफ्रिका र एसिया प्रशान्त क्षेत्रका प्रतिनिधिमण्डलहरुले भाग लिनेछ ।